# <u>संवत् २०८३ साल जेठ ४ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:</u>

**प्र.मं.प.बै.सं. ०४।०८३**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश सभाको अधिवेशन आह्वन गर्न गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने सम्बन्धी। |

*द्रष्टव्यः निर्णयसँग थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८३ साल जेठ १२ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

प्र.मं.प.बै.सं. ०५।०८३

| क.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | आर्थिक मामिला मन्त्रालय | आर्थिक वर्ष २०८३/८४ को लागि विनियोजन विधेयकमा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता प्रदेश सभामा पेस गर्न स्वीकृति दिने |
| २. | विविध | गण्डकी प्रदेश नीति तथा योजना आयोगका सदस्य श्री दुर्गा लामिछानेले दिएको राजीनामा गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८१ को दफा १४ को खण्ड (ख) बमोजिम स्वीकृत गर्ने। |

*द्रष्टव्यः निर्णयसँग थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८३ साल जेठ १९ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

**प्र.मं.प.बै.सं. ०६।०८३**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी प्रदेश सभामा पेश गर्न स्वीकृत दिने |

## संवत् २०८३ साल असार १ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

**प्र.मं.प.बै.सं. ०७।०८३**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | आर्थिक मामिला मन्त्रालय | गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान, बजेट सम्बद्ध विधेयक, दस्तावेज तथा पुस्तिक गण्डकी प्रदेश सभासमक्ष पेश गर्न स्वीकृति दिने |
| २. | विविध | नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस प्रदेशमा कामकाज गर्न खटिइ आउनुभएका रा.प. प्रथम श्रेणीका प्रदेश सचिव श्री रोशन ज्ञवालीलाई उद्योग तथा पर्यटन मन्त्रालयमा पदस्थापन गर्ने। |

## संवत् २०८३ साल आसार १६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

**प्र.मं.प.बै.सं. ०८।०८३**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरा र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखराको सम्पत्ति तथा जिन्सी मालसामानको मिनाहा गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गण्डकी प्रदेश अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विधेयक तर्जुमा सम्बन्धी अवधारणा पत्र स्वीकृत गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव श्री कृष्णप्रसाद लम्सालको मातालाई औषधी उपचार सहायता प्रदान गर्ने। |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विपन्न नागरिकलाई दिइने आर्थिक सहायता। |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशमा प्रदेश सचिवलाई कामकाज खटाउने। |
| ६. | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | चार पाङ्ग्रे सवारी साधन खरिदका लागि बजेट/कार्यक्रम व्यवस्था गर्ने। |
| ७. | भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय | आवास भाडा, घर मर्मत समेतको सुविधा उपलब्ध गराउने। |
| ८. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | मध्यविन्दु नगरपालिकाको प्राथमिकता प्राप्त आयोजनाको रुपमा नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ९. | विविध | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशमा कार्यरत अतिरिक्त प्रदेश सचिव श्री दामोदर सुवेदी (क.सं.नं.१२३०००) को स्वेच्छिक अवकाश मिति २०८३।०३।१८ गतेदेखि लागु हुने गरी स्वीकृत गर्ने। |

*द्रष्टव्यः निर्णयसँग थप जानकारी सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्न सकिने।*

# संवत् २०८३ साल साउन २० गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

**प्र.मं.प.बै.सं. १०।०८३**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मन्त्रिपरिषद् समितिको संयोजक तथा सदस्य तोक्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिवको पदस्थापना तथा कामकाज गर्न खटाउने। |
| ३. | उद्योग तथा पर्यटन मन्त्रालय | गण्डकी प्रदेश घरेलु मदिरा नियमावली, २०८३ लाई छलफल गरी आगामी मन्त्रिपरिषद्को बैठकमा पेश गर्न आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा पठाउने। |
| ४. | उद्योग तथा पर्यटन मन्त्रालय | गण्डकी प्रदेश औद्योगिक व्यवसाय (पहिलो संशोधन) नियमावली, २०८३ लाई छलफल गरी आगामी मन्त्रिपरिषद्को बैठकमा पेश गर्न आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा पठाउने। |
| ५. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | गण्डकी प्रदेश बालबालिका सम्बन्धी नियमावली, २०८३ लाई छलफल गरी आगामी मन्त्रिपरिषद्को बैठकमा पेश गर्न प्रशासन तथा विधेयक समितिमा पठाउने। |
| ६. | सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | गण्डकी प्रदेश दलित अधिकार नियमावली, २०८३ लाई छलफल गरी आगामी मन्त्रिपरिषद्को बैठकमा पेश गर्न प्रशासन तथा विधेयक समितिमा पठाउने। |

# संवत् २०८३ साल भदौ ९ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः

प्र.मं.प.बै.सं. ११।०८३

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन, २०८३ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | स्वास्थ्य सेवा, अधिकृत एघारौं तहमा कार्यरत कर्मचारीको सरुवा गर्ने। |
| ३. | आर्थिक मामिला मन्त्रालय | राष्ट्रसेवक कर्मचारीको नयाँ तलबमान र प्रोत्साहन भत्ता स्वीकृत गर्ने। |
| ४. | आर्थिक मामिला मन्त्रालय | प्रशारण लाइन तथा सब-स्टेशन निर्माण गर्ने प्रयोजनको लागि आवश्यक पर्ने जग्गा प्राप्ति गर्दा लाग्ने शुल्क र दस्तुर पूर्ण रुपमा छुट दिने। |
| ५. | उद्योग तथा पर्यटन मन्त्रालय | गण्डकी प्रदेश पर्यटन नीति, २०८३ स्वीकृत गर्ने। |
| ६. | वन तथा वातावरण मन्त्रालय | प्रदेश सचिव श्री मोहनराज काफ्लेको बैदेशिक तालिम कार्यक्रममा मनोनयन गर्ने। |

# <u>संवत् २०८३ साल भदौ १५ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरूः</u>

**प्र.मं.प.बै.सं. १२।०८३**

| क्र.सं. | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | हालै भोटेकोशी नदीमा आएको बाढीबाट मृत्यु भएका स्वदेशी तथा विदेशी नागरिकहरूप्रति श्रद्धाञ्जली, शोक सन्तप्त परिवारजनमा समवेदना र घाईतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने। बाढीबाट प्रभावित व्यक्तिको खोज, उद्धार तथा नागरिकको राहतको लागि गण्डकी प्रदेश सरकारबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा चार करोड रुपैयाँ आर्थिक मामिला मन्त्रालयबाट सहयोग रकम उपलब्ध गराउने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश विपद् व्यवस्थापन नियमावली, (तेस्रो संशोधन), २०७७ स्वीकृत गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको चालु अधिवेशन अन्त्य गर्न गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने। |
| ४. | विविध | गण्डकी प्रदेश नीति तथा योजना आयोगका सदस्य श्री योगेन्द्रराज रिजालले दिएको राजीनामा गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा सञ्चालन) आदेश, २०८१ को दफा १४ को खण्ड (ख) बमोजिम स्वीकृत गर्ने। |